# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

**खण्ड ६१) काठमाडौं, फागुन २९ गते २०६८ साल (अतिरिक्तांक ४७घ**


## भाग ५

### निर्वाचन आयोगको सूचना

निर्वाचन आयोगले मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी फोटो सहितको मतदाता नामावली संकलन र अद्यावधिक गर्नका लागि देशभर संकलन भएको फोटो सहितको मतदाता नामावली प्रकाशन गर्ने, त्रुटी सच्याउने, दावी विरोध गर्ने तथा छुट दर्ता गर्ने सम्वन्धमा देहाय बमोजिमको कार्यक्रम निर्धारण गरेकोले मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ३ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

| क्र. सं. | (कार्यक्रम) | मिति | सम्पर्क गर्ने स्थान |
|---|---|---|---|
| १ | मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम ९ बमोजिमको मतदाता नामावली प्रकाशन गर्ने । | २०६९।१।२ देखि | प्र.ना.द.अ./स.ना.द.अ. को कार्यालय |
| २ | क्र.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम समावेश गर्ने, त्रुटी सच्चाउने र नाम हटाउने वा सार्ने प्रयोजनको लागि नामावली तथा विवरण सङ्कलन गर्ने । | २०६९।१।३ देखि | स.ना.द.अ. को कार्यालय |
| ३ | अद्यावधिक मतदाता नामावली प्रकाशन गर्ने । | २०६९।१।५ देखि | स.ना.द.अ. को कार्यालय |
| ४ | अद्यावधिक मतदाता नामावलीमा नाम छुट भएका व्यक्तिले नाम समावेश गर्न दरखास्त दिने । | २०६९।१।५ देखि | स.ना.द.अ. को कार्यालय |
| ५ | अद्यावधिक मतदाता नामावलीमा त्रुटी सच्चाउन र नाम हटाउन छुट भएका व्यक्तिले दरखास्त दिने । | २०६९।१।५ देखि | स.ना.द.अ. को कार्यालय |
| ६ | एकै गा.वि.स. वा न.पा. को वडाभित्रको मतदाता नामावलीमा दोहोरो नाम रहेका मतदाताले आफ्नो नाम कुनै एक स्थानमा मात्र कायम गरी अन्यत्रबाट हटाउन निवेदन दिने । | २०६९।१।५ देखि | स.ना.द.अ. को कार्यालय |
| ७ | मतदाताको दाबी विरोधमा दरखास्त वा सूचना दिने । | २०६९।१।५ देखि | स.ना.द.अ. को कार्यालय |
| ८ | संशोधित मतदाता नामावली प्रकाशन गर्ने । | २०६९।१।१० देखि | स.ना.द.अ. को कार्यालय |
| ९ | दाबी विरोध पर्न आएका मतदातालाई मतदाता नामावलीबाट आफ्नो नाम हट्नु नपर्ने कारण भए प्रमाण सहित भनाइ पेश गर्न आउन सूचना प्रकाशन गर्ने । | २०६९।१।५ देखि | स.ना.द.अ. को कार्यालय |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| १० | दाबी विरोध परेका मतदाताले प्रमाण सहित आफ्नो भनाइ पेश गर्न आउने । | २०६९।१।१० देखि | स.ना.द.अ. को कार्यालय |
| ११ | दाबी विरोधको जाँचबुझबाट दोहोरो नाम हटाउन परेका निवेदन बमोजिम र पञ्जिकाधिकारीको कार्यालयको अभिलेखको आधारमा संशोधित मतदाता नामावलीबाट नाम हटाइएका व्यक्तिहरुको सूचना प्रकाशन गर्ने । | २०६९।१।१५ देखि | स.ना.द.अ. को कार्यालय |
| १२ | सहायक नामदर्ता अधिकारीले अन्तिम मतदाता नामावली तयार गर्न प्रमुख नामदर्ता अधिकारीको कार्यालयमा पठाउने र सोको सूचना आफ्नो कार्यालयमा प्रकाशन गर्ने । | २०६९।१।१६ देखि | स.ना.द.अ. को कार्यालय |
| १३ | मतदाता नामावलीमा नाम समावेश गर्न, त्रुटी सच्चाउन, दोहोरो नाम हटाउन वा नाम सार्नको लागि प्रमुख नामदर्ता अधिकारीको कार्यालयमा दरखास्त पेश गर्ने । | अर्को सूचना प्रकाशन नभएसम्म निरन्तर | प्र.ना.द.अ. को कार्यालय |
| १४ | प्रमुख नामदर्ता अधिकारीको कार्यालयमा नाम समावेश गर्न, त्रुटी सच्चाउन, नाम हटाउन वा सार्न प्राप्त दरखास्त बमोजिम मतदाता नामावली अद्यावधिक गर्ने । | अर्को सूचना प्रकाशन नभएसम्म निरन्तर | प्र.ना.द.अ. को कार्यालय |
| १५ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा अन्तिम मतदाता नामावली प्रकाशन गर्ने । | २०६९ असार मसान्तदेखि | प्र.ना.द.अ. को कार्यालय |
| १६ | मतदाता नामावली सम्बन्धी ऐनको दफा २२ बमोजिम पुनरावलोकन गर्ने । | अन्तिम मतदाता नामावली प्रकाशन भएको मितिले ३५ दिन भित्र | निर्वाचन आयोग |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

द्रष्टब्य

१. “प्र.ना.द.अ.” भन्नाले प्रमुख नामदर्ता अधिकारी र “स.ना.द.अ.” भन्नाले सहायक नाम दर्ता अधिकारी सम्झनु पर्छ ।

२. हरेक जिल्लाले २०६९।१।२देखि मतदाता नामावली प्रकाशन गर्न शुरु गर्नुपर्नेछ ।

आज्ञाले,
**शंकर प्रसाद कोइराला**
सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–
मो.द.द.नं. १६।०६२।६३

८३९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।